अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या: ११ कार्यपालिका स्वीकृत मिति:२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

## लागत सहभागितामा मासु पसल सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि २०८२

प्रस्तावना :

गुणस्तरीय एवम् स्वच्छ मासु तथा मासुजन्य पदार्थहरु आम उपभोक्ता समक्ष सहज उपलब्ध गराउनका लागि यस नगरपालिकाबाट सञ्चालन हुने सुधारिएको मासु पसल कार्यक्रमलाई निश्चित प्रक्रिया अनुसार व्यवस्थित रुपमा सञ्चालन गर्ने उद्धेश्यले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(७) दिईएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. संक्षिप्त, नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम " लागत सहभागितामा मासु पसल सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि २०८२" रहनेछ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)“कार्यालय” भन्नाले यस बर्दिवास नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख)“कार्यपालिका” भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “ सुधारिएको मासु पसल ” भन्नाले नयाँ मासु पसल निर्माण वा सञ्चालित पुरानो मासु पसल सुधार लाई जनाउँछ ।

(घ) “शाखा” भन्नाले बर्दिवास नगरपालिकाको पशुपंन्छी विकास शाखालाई सम्झनु पर्दछ ।

(ङ)“कार्यक्रम” भन्नाले ६०% लागत सहभागितामा मासु पसल सुधारलाई सम्झनु पर्दछ ।

(छ) “ समिति ” भन्नाले दफा (५) को समिति लाई सम्झनु पर्दछ ।

## पीरच्छेद -२

## मापदण्ड

**३. मापदण्डका आधारहरु :** यस कार्यविधि अनुसार मासु पसल सुधार गर्न योग्य लाभग्राहीको मापदण्ड देहाय अनुसार हुनेछ ।

१. मासु विक्री कक्ष प्रर्याप्त स्थान सहितको हुनु पर्ने,
२.फ्लोर र भित्तामा टायल लगाउने ठाउँ हुनु पर्ने,
३ विक्री कक्षमा स्टिलनेस स्टिल , टेवुल ⁄मार्वल लगाउने ठाउँ हुनु पर्ने ,
४. डिजिटल तौल मेसिन हुनु पर्ने,
५. विक्री कक्षमा जाली ⁄सिसा लगाउने ठाउँ हुनु पर्ने,
६. मासु विक्रिकक्षमा डिप फ्रिंजको व्यवस्था गर्न सकिने हुनु पर्ने,

७. फोहोरको उचित व्यवस्थापन मिलाउ सक्ने हुनु पर्ने,

८.दर्ता र सूचिकृत भएको हुनु पर्ने

## परिच्छेद-३

## कार्यक्रम संचालन प्रक्रिया

**४. लाभ ग्राही छनौट प्रक्रिया :**

- सूचना प्रकाशन गर्ने ,
- इच्छुक मासु पसल वाट निवेदन सङ्कलन गर्ने,
- आवेदकहरुको मूल्याङ्कन गर्ने,
- मासु पसलको अनुगमन गर्ने
- छनौट समितिबाट उपयुक्त लाभग्राहीको नामावली प्रकाशन गर्ने,

**५.प्रस्ताव मूल्याङ्कन,तथा छनौट**

१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत गर्न देहाय बमोजिमको मूल्यांकन समिति रहनेछ :

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) आर्थिक विकास समिति प्रमुख | सदस्य |
| घ) सम्बन्धित शाखा प्रमुख वा प्रतिनिधि | सदस्य सचिव |

मूल्याङ्कन समितिले विषय विज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

२) मूल्याङ्कन समितिले मूल्याङ्कन विधि र कार्यविधि आफैं तयार गर्नेछ ।

**६.सम्झौता :** छनौट भएका आवेदकहरु सँग कार्यालयले सूचना अनुसारको सम्झौता गर्नुपर्ने छ ।

**७.सुधारिएको मासु पसल निर्माण कार्यक्रम अन्तर्गत सम्वन्धित कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यक्रमका लागि खर्च गर्न सकिने छ ।**

(१) सरसफाइयुक्त भौतिक संरचना निमार्ण ।
(२) चिस्यान र फ्रेसनेसका लागि रेफ्रिजेरेटर / डिप फ्रिज ।
(३) सुरक्षित जल आपूर्ति र फोहोर व्यवस्थापन ।
(४) मासु काट्ने उपकरणको मापदण्ढ अनुसारको व्यवस्थापन ।
(५) कीटाणु नियन्त्रण र फोहर व्यवस्थापन प्रणाली ।
(६) मासु पसलको भुँई र भित्तामा ६ फिट सम्म सेतो टायल
(७) मूल्य सूची वोर्ड

## परिच्छेद -४

## विविध

**८ अनुगमन :**

१) नगर उपप्रमुखले शाखाको कर्मचारी सहित नियमित अनुगमन गर्नुपर्नेछ ।

२) अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

**९. भुक्तानी प्रक्रिया**

- कार्य सम्पादन प्रतिवेदनका आधारमा सम्झौता अनुसारको रकम एकै पटक भुक्तानी गरिने ,
- लागत सहभागितामा मासु पसल सुधार कार्यक्रम शीर्षकमा विनियोजीत बजेटको २ प्रतिशत कन्टिन्जेन्सी वापत कट्टा गरी वाँकी रकम लाभग्राहीको खातामा भुक्तानी गरिने छ ,
- भुक्तानी सम्वन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ,

१०. प्रगति विवरण तथा प्रभावकारिता

१) वितरणको पूर्ण प्रतिवेदन सम्वन्धीत निकायमा तयार गरी वुझाउनु पर्नेछ ।

२) कार्यक्रमको प्रभावकारिताको आधारमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**११.दण्ड सजाय :** सम्झौता अनुसारको मासु पसल सुधार नगरेमा प्रचलित कानुन अनुसार दण्ड सजाय गरिनेछ ।

**१२.संशोधन :** यो कार्यविधि कार्यान्वयन सम्वन्धमा बाधा अड्चन कार्यपालिकाले फुकाउने छ ।

**१३.बचाउँ :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले,

रामनमणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत